# प्रेस विज्ञप्ती

## नेपाल बैंक लिमिटेडको कटहरिया शाखा समुद्घाटन

रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ५, मा बैंक शाखा स्थापनाको ५० वर्षपछि कटहरियास्थित आफ्नै ग्राहकमैत्री नवनिर्मित भवनको उद्घाटन भएको छ । उद्घाटनसंगै बैंकको यस नयाँ भवनबाट सम्पूर्ण बैंकिङ्ग कारोवारहरु हुने भएको छ ।

नेपालको पहिलो बैंक समेत रहेको यस बैंकले देशैभरि रहेको आफ्नै जग्गामा आवश्यकताको आधारमा आफ्नै भवन निर्माण गरी कारोवार सञ्चालन गर्दै आएको छ । जनस्तरमा भिजेको र नेपाल सरकारको अधिकांश शेयर स्वामित्व रहेको बैंकले आधुनिक प्रविधिमा आधारित समयानुकूल बैंकिङ्ग सेवा प्रदान गरिरहेको छ । बैंकले भर्खरै निक्षेप संकलनको लागि निक्षेपकर्ताले सिधै मेसिन मार्फत् नगद जम्मा गर्न सक्ने प्रणालीको शुरुवात गरेको छ । साथै आधुनिक कल सेन्टरमार्फत् ग्राहक सेवालाई अभिबृद्धि गर्न बैंकमा कल सेन्टर समेत कार्यान्वयनमा आईसकेको छ ।

२०८१/०५/०९ गते, आईतबार ।

भवदीय,

(होम बहादुर खड्का)
प्रवक्ता

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय